// दुल्लू नगरपालिका
# स्थानीय राजपत्र

खण्डः ९ | संख्याः ६ | २०८२ पौष ९

दुल्लू नगरपालिका,नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भाग:२

## सुरक्षित नागरिक आवास कार्यक्रम संचालन कार्यविधि, २०८२

**प्रस्तावनाः** नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धी ऐन, २०८२ बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखामुनी रहेका, प्राकृतिक प्रकोपका कारण घरवार विहीन भएका घर परिवारहरुले सुरक्षित आवास निर्माण गर्न आफैले चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामग्री खरिदको लागि र गरिबीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निर्माणको लागि कार्यान्वयनको लागि कानून व्यवस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम दुल्लू नगर कार्यपालिकाको मिति २०८२।०८।११ गतेको बैठकबाट "सुरक्षित नागरिक आवास कार्यक्रम संचालन कार्यविधि, २०८२" स्वीकृत गरी लागु गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सुरक्षित नागरिक आवास कार्यक्रम संचालन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "कार्यालय" भन्नाले दुल्लू नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

**(**ख) "छनौट तथा कार्यान्वयन समिति" भन्नाले दफा ९ बमोजिम गठन भएको नगरस्तरीय सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समिति सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले दुल्लू नगरपालिकालाई सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दुल्लू नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीमा रहेको कर्मचारीलाई सम्झनु पर्छ।

(ङ) "पूर्वाधार विकास शाखा" भन्नाले दुल्लू नगरपालिकाको पूर्वाधार विकास शाखा सम्झनु पर्छ ।

**(**च) "लक्षित वर्ग" भन्नाले पहिचान भएका गरिबीको रेखामुनी रहेका पराल वा खरको छाना भएका घर परिवार र प्रकोपका कारण घरवारविहिन भएका परिवार सम्झनुपर्छ ।

**(**छ) "लाभग्राही" भन्नाले दफा ४ बमोजिम छनौट भएको लाभग्राही (घरधनी) लाई सम्झनु पर्छ ।

**(**ज) "सुरक्षित नागरिक आवास" भन्नाले आगलागी तथा हावा, पानी थेग्न सक्नेगरी निर्माण गरिएका काठ, इट्टा, ढुङ्गा, वा व्लक आदिको गारो भई पराल खर वाहेकका छानायुक्त आवासीय भवन सम्झनु पर्दछ ।

## परिच्छेद २

## लक्षित वर्ग घर परिवार पहिचान तथा कार्यक्रम सञ्चालन स्थान

३. **<u>कार्यक्रम सञ्चालन स्थानः</u>** (१) सुरक्षित नागरिक आवासका लागि अनुदान कार्यक्रम दुल्लू नगरपालिकाको १३ वटै वडाहरुमा सञ्चालन गरिनेछ तर कुनै वडा समितिले वडास्तरीय बजेट तथा कार्यक्रममा व्यवस्था गरी कुनै निश्चित वडामा मात्र कार्यान्वयन हुने गरी कार्यक्रम सञ्चालन गर्नेछ ।

**(२)** कार्यक्रम सञ्चालन स्थान पहिचान गर्दा सम्भव भए सम्म विपन्न परिवारको एकीकृत आवास निमार्णमा जोड दिइनेछ ।

**(३)** यथास्थानमा पुनःनिर्माण गरिने सुरक्षित नागरिक आवासलाई प्राथमिकता दिने गरी निर्माण गरिनेछ ।

४. **<u>लाभग्राहीको छनौट प्रक्रियाः</u>** **(१)** सुरक्षित नागरिक आवास कार्यक्रमबाट अनुदान प्राप्त गर्न इच्छुक र मापदण्ड पुगेका सेवाग्राहीहरुबाट आवेदन सङ्कलनको सम्बन्धित वडामा आवेदन दिन सक्नेगरी नगरपालिकाबाट १५ दिनको सार्वजनिक सूचना जारी गरिनेछ । कुनै वडाले वडास्तरीय बजेट तथा कार्यक्रममा सुरक्षित नागरिक आवास कार्यक्रमको व्यवस्था गरेको भए वडास्तरबाटै सूचना प्रकाशन गरि आवेदन सङ्कलन र तत्पश्चातका कार्यहरु गर्न सक्नेछ ।

(२) सुरक्षित नागरिक आवास कार्यक्रमबाट अनुदान प्राप्त गर्न इच्छुक र मापदण्ड पुगेका सेवाग्राहीहरुले देहायमा उल्लेखित कागजातहरु संलग्न राखि तोकिएको अवधि भित्र सम्बन्धित वडा कार्यालयमा आवेदन पेश गर्नु पर्नेछ ।

(क) अनुसूचि-१ मा उल्लिखित ढाँचाको निवेदन ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

(ग) विगतदेखि सो स्थानमा स्थायी बसोवास गर्दै आएका प्रमाण ।

(घ) जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि ।

(ङ) घर जग्गाको तिरो वा शुल्क बुझाएको कागजातको प्रतिलिपि ।

(च) आफु स्थायी रुपमा सो स्थानमा बसोवास गर्दै आएको खरको छाना भएको लक्षित परिवार भन्ने सम्बन्धित वडाको सिफारिस ।

(छ) घरको हालको अवस्था देखिने फोटो ।

(३) उपदफा (२) बमोजिम पर्न आएका आवेदनहरु मध्येबाट लाभग्राही छनौट गर्नका लागि सम्बन्धित वडा समितिबाट प्राथमिकताक्रम निर्धारण गरी लाभग्राहीहरुको प्राथमिकताक्रम सहितको सूची छनौट तथा कार्यान्वयन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम वडा समितिबाट प्राथमिकिकरण भई आएका लाभग्राहीहरु मध्येबाट सम्बन्धित आर्थिक वर्षमा उपलव्ध वजेटको अधिनमा रहि छनौट तथा कार्यान्वयन समितिले लाभग्राहीहरुको अन्तिम नामावली छनौट गर्नेछ । यसरी अन्तिम नामावली छनौट गर्दा आगामी आर्थिक वर्षमा अनुदान प्राप्त गर्न सक्ने तथा अन्य कुनै विकास साझेदार निकाय एवम् संघीय सरकार तथा प्रदेश सरकारबाट बजेट प्राप्त हुन सकेमा अनुदान प्राप्त गर्ने लाभग्राहीहरुको समेत प्राथमिकता सूची समेत प्रकाशन गर्नु पर्नेछ ।

(५) वडा समिति र छनौट तथा कार्यान्वयन समितिले उपदफा (३) र (४) बमोजिम प्राथमिकिकरण गर्दा अनुसूची-२ मा भएका सूचकहरुको आधारमा अंक प्रदान गरी प्राथमिकिकरण गर्नु पर्नेछ ।

(६) लाभग्राही छनौट गर्दा बृद्ध, एकल महिला, दलित, विपन्न, अनाथ बालबालिका, जंगली जनावरबाट निरन्तर पिडीत भई रहने तथा अपाङ्गता भएका ब्यक्तिका घर परिवारलाई विशेष प्राथमिकता दिइनेछ ।

(७) संगोलमा रहेका परिवारले एउटै आवासमा मात्र अनुदान प्राप्त गर्न सक्नेछन् ।

(८) एकै परिवारलाई आवास प्रयोजनका लागि सरकारी कोषबाट दोहोरो सुविधा दिइने छैन, तर सरकारी कोष बाहेक अन्य संघ सस्था वा निकायबाट दिइने सहयोग वा समपूरक कोषका लागि बाधा पुगेको मानिने छैन ।

## परिच्छेद ३
## सम्झौता, निर्माण तथा रकम निकासा सम्बन्धी

५. **सम्झौता गर्नु पर्ने :** दफा ४ बमोजिम सुरक्षित नागरिक आवासका लागि अनुदान प्राप्त गर्न छनौट भएका लाभग्राहीहरुले अनुदान प्राप्त गर्नको लागि अनुसूची-३ बमोजिमको ढाँचामा नगरपालिका र लाभग्राही व्यक्ति विच दोहोरो सम्झौता गर्नुपर्ने छ ।यसरी दोहोरो सम्झौता गर्दा पूर्वाधार विकास शाखाबाट तयार भई प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत लागत अनुमान र सम्बन्धित वडा कार्यालयको सिफारिस समेत संलग्न गर्नु पर्नेछ ।

६. **निर्माण कार्य र लागत सहभागिताः** (१) लाभग्राही र नगरपालिकाबिच सम्झौता पश्चात नगरपालिकाबाट उपलब्ध गराईएको डिजाईन, इस्टिमेट बमोजिमको ढाँचामा जस्ता पाताले छाएको घर निर्माण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको घरको कुल लागतमा नगरपालिकाले सम्झौता बमोजिम उपलब्ध गराउने रकम बाहेक थप सेवाग्राही स्वयमले लागत सहभागिता गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको ढाँचामा परिवर्तन गरी थप निर्माण गर्नुपर्ने भएमा नगरपालिकाको पूर्वस्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको निर्माणका लागि प्राविधिक सहयोग दुल्लू नगरपालिकाबाट उपलब्ध गराइनेछ।

७. **अन्य निकायको समेत सहयोग लिन सकिने :** **(१)** सुरक्षित नागरिक आवास कार्यक्रमको थप विस्तारका लागि प्रदेश तथा संघीय सरकारमा प्रस्तावना पेश गरी कार्यक्रम विस्तार गर्न सकिनेछ ।

(२) सुरक्षित नागरिक आवास कार्यक्रममा थप सहयोग र विस्तारका लागि विभिन्न संघ संस्था र विकास साझेदार समन्वय र सहकार्य गरिनेछ ।

(३) नेपाल सरकार र प्रदेश सरकारको पूर्वाधार तथा अन्य सेवासँग सम्बन्धित निकायहरुसँग कार्यक्रम सञ्चालन क्षेत्रमा भौतिक सेवा तथा पूर्वाधार विस्तार तथा विकासका लागि कार्य सञ्चालनका लागि सहयोग लिन सकिनेछ ।

८. **रकम निकासाः** (१) सम्झौता पश्चात लाभग्राहीले नगरपालिकाबाट सिफारिस गरेको बैंकमा खाता खोल्नु पर्नेछ ।

**(२)** नगरपालिकाले लाभग्राहीलाई कार्यप्रगति र सम्झौताको आधारमा बैंक मार्फत दुई किस्तामा रकम उपलब्ध गराउनेछ ।पहिलो किस्ता पेश्की वापत ५० प्रतिशत रकम सम्झौता पश्चात लाभग्राहीको वैंक खाता मार्फत उपलव्ध गराउन सकिनेछ भने अन्तिम किस्ता कार्यसम्पन्न पश्चात निर्माण गरिएको घरको फोटो, पूर्वाधार विकास शाखाको कार्यसम्पन्न प्रतिवेदन तथा सम्बन्धित वडा कार्यालयको सिफारिस समेतको आभारमा लाभग्राहीको वैंक खाता मार्फत भुक्तानी गरिनेछ ।

**(३)** सुरक्षित नागरिक आवासका लागि उपलब्ध गराइने अनुदान रकम प्रति आवास (प्रति परिवार) रु ५० हजार हुनेछ ।

**(४)** कुनै लाभग्राहीले विशेष कारणबस निर्माण कार्य सम्पन्न गर्न नसकेमा निर्माण कार्यको प्राविधिक मूल्याङ्कन गरी उचित ठहरे बमोजिमको रकम मात्र प्रदान गरिनेछ ।

## परिच्छेद ४
## समिति सम्बन्धी व्यवस्था

९. **नगरस्तरीय सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिः** **(१)** कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्न तथा कार्यक्रमको समन्वय, व्यवस्थापन अनुगमन मूल्याङ्कन गर्नका लागि देहाय बमोजिमको एक सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समिति रहनेछः

(क) नगर प्रमुख — संयोजक
(ख) नगर उपप्रमुख — सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) कार्यपालिकाबाट मनोनित १ जना महिला र १ जना दलित गरी २ जना — सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कार्यालयको अधिकृतस्तरको कर्मचारी — सदस्य

(च) पूर्वाधार विकास शाखाको इन्जिनियर — सदस्य सचिव

(२) कुनै वडाले वडास्तरीय बजेट तथा कार्यक्रममा सुरक्षित नागरिक आवास कार्यक्रमको व्यवस्था गरेको भए सोको छनौटको लागि वस्ने उपदफा (१) बमोजिमको समितिको वैठकमा सम्बन्धित वडाको वडा अध्यक्षलाई समेत आमन्त्रण गरिनेछ ।

१०. **नगरस्तरीय सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार :** दफा ९ को उपदफा (१) बमोजिमको नगरस्तरीय सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रम सञ्चालन सम्बन्धी वडा क्षेत्रमा कार्यान्वयन गरिने आवास संख्या निर्धारण गर्ने ।

(ख) विपन्न आवास अनुदान प्राप्त गर्न लाभग्राही छनौटका लागि सूचना आह्वान गर्ने ।

(ग) प्राप्त दरखास्तहरुबाट दफा ४ बमोजिम छानविन गरी लक्षित घरधनीको सिफारिस गर्न वडालाई निर्देशन गर्ने ।

(घ) वडा तहबाट सिफारिस भई आएका लाभग्राही परिवारको अन्तिम छनौट गर्ने ।

(ङ) कार्यक्रम सञ्चालनको क्रममा कुनै बाधा आईपरेमा फुकाउन सहजीकरण गर्ने ।

(च) कुनै कारणवस निर्माण कार्य सम्पन्न हुन नसकेमा सोको मूल्याङ्कन गर्न लगाई उचित ठहरे बमोजिमको रकम फरफारक गर्ने ।

(छ) सुरक्षित नागरिक आवास निर्माण कार्य र भौतिक पूर्वाधारका लागि सम्बन्धित निकायहरुसँग समन्वय, सहकार्य र योजना माग गर्ने ।

(ज) पूर्वाधार विकास शाखा मार्फत लाभग्राही परिवारको सम्झौता गर्न/गराउन लगाई कार्यक्रम कार्यान्वयन गर्ने ।

(झ) आवश्यकता अनुसार अनुगमन मूल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्ने ।

११. **बैठक र सुविधा सम्बन्धी व्यवस्थाः** (१) सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

(२) बैठकमा आवश्यकता अनुसार विज्ञ वा सम्बन्धित संस्थालाई आमन्त्रण गर्न सकिनेछ ।

(३) सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिका पदाधिकारीहरुको बैठक तथा अनुगमन खर्च कार्यपालिकाको बैठक सरह हुनेछ ।

## परिच्छेद ५

## विविध

१२. **बेच बिखन गर्न नपाउनेः** लाभग्राहीले आवास निर्माण सम्पन्न भएको मितिले पाँच बर्षसम्म उक्त आवास बेचविखन गर्न पाउने छैन ।

१३. **<u>कारबाही हुनेः</u>** सुरक्षित नागरिक आवास कार्यक्रमबाट लाभाविन्त हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेश गरी सुविधा लिएको ठहर हुन आएमा त्यस्ता व्यक्तिले लिएको सुविधा सरकारी बाँकी सरह असुल उपर गरी प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

१४.**<u>बचाउः</u>** (१) यसमा उल्लेख नभएका अन्य व्यवस्था नगर कार्यपालिकाका निर्णय तथा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) कार्यक्रम कार्यान्वयनका क्रममा कुनै दुविधा उत्पन्न भएमा सुरक्षित नागरिक आवास वार्यान्वयन कार्यविधि २०७५ संशोधन सहितलाई मुल आधार मानिने छ ।

(३) यस कार्यविधिको व्याख्या, संशोधन र परिमार्जन गर्ने अन्तिम अधिकार नगर कार्यपालिकामा रहनेछ ।

अनुसूची-१

(दफा ४ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)

लाभग्राहीले दिने निवेदनको ढाँचा

श्री .......................... ज्यू,

................................, दुल्लू दैलेख ।

विषयः सुरक्षित नागरिक आवास अनुदान सम्बन्धमा ।

म दुल्लू नगरपालिका .....नं. वडा .......टोलमा स्थायी बसोवास गरिरहेको र मेरो आर्थिक अवस्था कमजोर रहेको हुँदा घरको छाना खर/फुस/परालले छाएको छ तसर्थ नगरपालिकाबाट उपलब्ध गराइने सुरक्षित नागरिक आवास कार्यक्रममा समावेश गराई मेरो कि.न.......... को............क्षेत्रफलमा रहेको घर जस्तापाताले छाउनको लागि अनुदान रकम उपलब्ध गराई दिनुहुन निवेदन गर्दछु ।

संलग्न कागजातहरु (भएकोमा मात्र चिन्ह लागाउनुहोस)

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

(ख) विगतदेखि सो स्थानमा स्थायी बसोवास गर्दै आएका प्रमाण ।

(ग) जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि ।

(घ) घर जग्गाको तिरो वा शुल्क बुझाएको कागजातको प्रतिलिपि ।

(ङ) आफु स्थायी रुपमा सो स्थानमा बसोवास गर्दै आएको खरको छाना भएको लक्षित परिवार भन्ने सम्बन्धित वडाको सिफारिस ।

(च) घरको हालको अवस्था देखिने फोटो ।

निवेदकको नामः

ठेगानाः

हस्ताक्षरः

मितिः

निवेदकको व्यहोरा ठिक साचो हो भनी सिफरिस गर्ने .........नम्बर वडा कार्यालय

नामः

पदः ...... नं. वडा अध्यक्ष

हस्ताक्षरः

मितिः

वडा कार्यालयको छाप

अनुसूची-१

(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

लाभग्राही छनौटका आधारहरु

| क्र.स. | विवरण | दिईने अङ्क | कैफियत |
|---|---|---|---|
| १. | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल (प्रतिव्यक्ति वर्ग फिटमा) | ३० भन्दा कमलाई - १०<br>३० देखि ६० सम्म - ५<br>६० भन्दा माथि - ० | |
| २. | घरको गारो | बाँस, चिरपट/कप्टेरो आदि वा त्यसमा पराल र स्याउलाको टाटी - १०<br>नमिलेको ढुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईट्टामा माटोको जोर्नी - ५<br>मिलेको ढुङ्गाको गारो तथा पाकेका ईट्टामा माटो/सिमेन्टको जोर्नी - ० | ५० प्रतिशत सम्म जेछ त्यसैलाई मान्ने |
| ३. | घरको छानो | फुस, आसवेट, स्याउला, प्लाष्टिक सिट आदि - १०<br>खपडा, टायल - ५<br>ढलान, कर्कट पाता - ० | आसवेट छाना स्वास्थ्यका लागि हानिकारक छ । |
| ४. | जग्गाको स्वामित्व | लालपूर्जा भएको वा गाउँब्लक (स्वामीत्व पाउन सकिने) वा वडाको सिफारिस (स्वबासी र विवाद रहित) - १०<br>नदी/ताल किनारामा बसोबास गरेको - ० | |
| ५. | घरमूलीको हकमा | अति विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ बालबालिका, एकल महिलाजस्ता घरमूली लाभग्राही भएका - १०<br>अन्य - ० | |

अनुसूची-३

(दफा ५ सँग सम्बन्धित)

दुल्लू  नगरपालिका र सुरक्षित नागरिक आवास कार्यक्रमका लाभग्राहीबिच अनुदान उपलब्ध गराउने सम्बन्धी सम्झौता पत्र ।

१. कार्यक्रम स्थलः

जिल्लाः- दैलेख

नगरपालिकाः- दुल्लू

वडा नंः-..........

२. उद्देश्यः आवास निर्माण ।

३. कुल लागतः...................

न.पा. अनुदान .....................

लाभग्राहीको सहभागिता ..............

अन्य निकायको अनुदान (भएमा मात्र) ...............

४. प्रस्तावित निर्माण कार्य अवधिः

क) शुरु हुने मितिः- २०......./ .../ ...

ख) पूरा हुने समय मितिः- २०......./ .../ ...

५. निमार्ण कार्य सम्बन्धि सेवा र शर्तहरुः

(क) लाभग्राही र नगरपालिका बिच सम्झौता पश्चात नगरपालिकाबाट उपलब्ध गराइएको डिजाइन इस्टिमेट बमोजिमका ढाँचामा छानो निर्माण गर्नुपर्नेछ ।

(ख) उपदफा (क) बमोजिमको घरको कुल लागतमा नगरपालिकाले सम्झौता बमोजिम उपलब्ध गराउने रकम बाहेक थप रकम सेवाग्राही स्वयमले लागत सहभागिता गर्नु पर्नेछ ।

(ग) उपदफा (क) बमोजिमको निमार्णका लागि प्राविधिक सहयोग दुल्लू नगरपालिकाबाट उपलब्ध हुनेछ ।

(ङ) सम्झौता पश्चात लाभग्राहीले नगरपालिकाबाट सिफारिस गरेको बैंकमा खाता खोल्नु पर्नेछ ।

(च) नगरपालिकाले लाभग्राहीलाई कार्यप्रगति र सम्झौताको आधारमा जस्ता पाताले छाना छाउनको लागि काठको काम गर्नका लागि पेश्की स्वरुप ५० प्रतिशत र जस्ताको छाउने कार्य सम्पन्न भएपछि बाँकी ५० प्रतिशत रकम बैक मार्फत दुई किस्तामा उपलब्ध गराउनेछ ।

(छ) सुरक्षित नागरिक आवासका लागि उपलब्ध गराइने अनुदान रकम प्रति आवास (प्रति परिवार) रु. ५० हजार हुनेछ ।

(ज) यस सम्झौतामा उल्लेखित बाहेक अन्य कुराहरुको हकमा नगर कार्यपालिकाको निर्णय र प्रचलित कानुन बमोजिम हुनेछ ।

६. सम्झौताका पक्षहरुः

| कार्यालयको तर्फबाट | लाभग्राहीको तर्फबाट |
|---|---|
| नामः | लाभग्राहीको नामः |
| पदः प्रमुख प्रशासकीय अधिकृत | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

साक्षीः (१)

श्री.......................................... पद......................

साक्षीः (२)

श्री श्री..................................... पद......................

आज्ञाले

प्रमाणिकरण मितिः२०८२।०९।०९

पदम बहादुर बुढा(क्षेत्री)
प्रमुख प्रशासकीय अधिकृत